# आकाशवाणी समाचार- नेपाली

मितिः २४ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. तृणमूल कांग्रेसको डाबग्राम-फुलबारी विधानसभा क्षेत्रमा आगामी २५ मार्चमा हुने जनसभामा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी सहभागी हुनु हुनेछ।

२. पश्चिम बंगालमा एसआईआर मुद्दाको बारेमा अदालतको फैसलापछि निर्वाचन आयोगले पहिलो पूरक मतदाता सूची जारी गरेको छ।

३. २०२६ को पश्चिम बंगाल विधानसभा चुनावको घोषणापछि प्रशासनिक फेरबदल विषयमा विवाद बढेको छ।

४. भाजपा नेता दिलीप घोषले तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु हुँदै आम नागरिकहरूलाई स्वतन्त्र रूपमा मतदान गर्ने अवसरबाट वञ्चित गरिएको आरोप लगाउनु भएको छ।

५. दार्जीलिङ हिमालयन रेलवे डीएचआरले अहिलेबाटै टोय ट्रेनको रूटमा पैह्रोको सामना गर्ने तयारी शुरू गरेको छ।

**मुख्यमन्त्री ममताको जनसभा हुने**

आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, तृणमूल कांग्रेसले डाबग्राम-फुलबारी विधानसभा क्षेत्रमा आफ्नो तयारी तीव्र पारेको छ। २५ मार्चमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी पूर्वी बाइपास नजिकै रहेको जबरा भिटा स्कूल मैदानमा आयोजना हुने विशाल सार्वजनिक ऱ्यालीमा सहभागी हुनु हुनेछ। तृणमूल कांग्रेसका उम्मेदवार रञ्जन शील शर्माको समर्थनमा यो सार्वजनिक ऱ्याली आयोजना गरिएको छ। पार्टी स्रोतका अनुसार, मुख्यमन्त्रीले यस मञ्चबाट चुनावी रणनीति र भविष्यका योजनाहरू सम्बन्धी महत्त्वपूर्ण सन्देशहरू दिनुहुनेछ।

ऱ्यालीलाई लिएर राजनीतिक वातावरण तातिएको छ र ठूलो जनसहभागिताको अपेक्षा गरिएको छ। कार्यक्रममा राज्य र जिल्ला दुवै स्तरका धेरै वरिष्ठ नेताहरू पनि उपस्थित हुनेछन्। हिजो सिलगुडीका पुलिस आयुक्त सैयद वकार रजाले सार्वजनिक ऱ्यालीको तयारीको समीक्षा गर्न स्थलको भ्रमण गर्नु भयो। उहाँले सुरक्षा र बन्दोबस्तको बारेमा आयोजकहरूसँग विस्तृत छलफल गर्नु भयो।

**पश्चिम बंगाल पूरक सूची**

राज्यमा एसआईआर मुद्दाको बारेमा अदालतको फैसलापछि निर्वाचन आयोगले हिजो राति पश्चिम बंगालको लागि पहिलो पूरक मतदाता सूची जारी गऱ्यो। प्रत्येक मतदान केन्द्रको सूची निर्वाचन आयोगको वेबसाइटमा राति लगभग ११ बजेर ५५ मिनटमा उपलब्ध गराइएको थियो। पूरक सूचीमा ती मतदाताहरूको नाम समावेश छ जसको मुद्दा सर्वोच्च अदालतको निर्देशन अनुसार न्यायिक अधिकारीहरूले फैसला गरेका छन्। मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भयो, अहिलेसम्म लगभग २९ लाख नामहरूको बारेमा निर्णय भइसकेको छ। यीमध्ये कति नामहरू पहिलो पूरक सूचीमा समावेश थिए र कति हटाइएका थिए भन्ने तुरुन्तै पत्ता लगाउन सकिएन। यसअघि २८ फरवरीमा प्रकाशित अन्तिम मतदाता सूचीमा लगभग ६० लाख नामहरूलाई **निर्णयाधीन**को रूपमा चिन्ह लगाइएको थियो।

## निर्वाचन आयोग – पश्चिम बंगाल

निर्वाचन आयोगले हिजो पश्चिम बंगालका जिल्ला निर्वाचन अधिकारीहरू, पुलिस अधीक्षकहरू, पुलिस आयुक्तहरू र अन्य अधिकारीहरूका लागि अनलाइन समीक्षा र प्रशिक्षण सत्रको आयोजना गऱ्यो। आयोगका वरिष्ठ अधिकारीहरूले राज्यमा हिंसा, धम्की र प्रलोभनबाट मुक्त चुनाव सुनिश्चित गर्न जिल्ला प्रशासन र कानून व्यवस्था संयन्त्रको तयारीको समीक्षा गरे। बैठकमा वरिष्ठ अधिकारीहरूले मतदाता जागरूकता र पहुँच बढाउने उद्देश्यले गरिएका गतिविधिहरूका साथै सबै मतदान केन्द्रहरूमा आवश्यक सुविधाहरूको प्रावधानको बारेमा आश्वासन दिए। आयोगले भोलि पश्चिम बंगालमा निर्वाचन अधिकारीहरूका लागि प्रशिक्षण सञ्चालन गर्ने बताएको छ।

## प्रशासनिक फेरबदल विषयमा विवाद

२०२६ को पश्चिम बंगाल विधानसभा चुनावको घोषणापछि प्रशासनिक फेरबदल विषयमा विवाद बढेको छ। हिजो तृणमूल कांग्रेसका सांसद तथा वरिष्ठ अधिवक्ता कल्याण ब्यानर्जीले कलकत्ता उच्च अदालतमा निर्वाचन आयोगको निर्णयलाई चुनौती दिनु भयेक्लो छ। मुख्य न्यायाधीश सुजय पाल र न्यायाधीश पार्थसारथी सेनको डिभिजन बेन्चसमक्ष सुनुवाइको क्रममा कल्याण ब्यानर्जीले आयोगले धारा ३५६ प्रयोग नगरी राज्यमा "अभूतपूर्व आपतकाल" जस्तै परिस्थिति सिर्जना गरेको आरोप लगाउनु भयो। उहाँले तर्क गर्नु भयो, मुख्य सचिव र पुलिस आयुक्त जस्ता पदहरूमा रहेका धेरै वरिष्ठ अधिकारीहरूलाई रातारात हटाइएको थियो। उहाँले चुनावसँग प्रत्यक्ष सम्बन्ध नभएका अधिकारीहरूलाई हटाउनुको औचित्यमाथि प्रश्न उठाउनु भयो।
अदालतमा प्रस्तुत गरिएका तथ्याङ्क अनुसार, अहिलेसम्म १६ आईएएस अधिकारी र ६३ पुलिस अधिकारीहरूको सरुवा गरिएको छ। श्री ब्यानर्जीले राज्यमा आपतकालीन अवस्था उत्पन्न भएमा यो प्रशासनिक शून्यतालाई कसले व्यवस्थापन गर्ने भनेर सोधनु भएको थियो। राज्यका महाधिवक्ता किशोर दत्तले पनि आयोगको शक्तिमाथि प्रश्न उठाउनु भयो| उहाँले भन्नु भयो, निर्वाचन आयोगको दायरा मुख्यतया मतदाता नामावली र चुनाव सञ्चालनमा सीमित छ; त्यसकारण, निर्वाचनसँग सम्बन्धित नभएका अधिकारीहरूलाई स्थानान्तरण गर्ने यसको अधिकारको सीमा स्पष्ट पारिनुपर्छ।

## दिलीप घोष

हिजो खरगपुरमा चुनावी अभियानको क्रममा भाजपा नेता दिलीप घोषले तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु भएको छ। उहाँले आरोप लगाउनु भयो, विगत केही वर्षहरूमा - यस क्षेत्र र सम्पूर्ण राज्यभरि चुनाव व्यापक हिंसा र मत लुटपाटका घटनाहरूले बिगारेको छ, जसले गर्दा आम नागरिकहरूलाई स्वतन्त्र रूपमा मतदान गर्ने अवसरबाट वञ्चित गरिएको छ। श्रीम दिलीप घोषले भन्नु भयो, खरगपुर नगरपालिका चुनावमा ठूलो मात्रामा धाँधली भएको छ। उहाँका अनुसार स्थानीय मतदाताहरूलाई प्रभाव पार्ने विशेष उद्देश्यले डरको वातावरण सिर्जना गर्न क्षेत्र बाहिरका विधायकहरू र पार्टी कार्यकर्ताहरूलाई ल्याइएको थियो। उहाँले थप दाबी गर्नु भयो चुनावको समयमा खरगपुर क्षेत्रमा प्रवेश गर्नबाट रोक्नको लागि आफूलाई झूटा मुद्दाहरूमा फसाइएको थियो। उहाँको मतदाता पहिचानमाथि पनि प्रश्न उठाइएको थियो।

श्री दिलीप घोषले यस पटक खड़गपुरमा मात्र नभई सम्पूर्ण राज्यभरि परिस्थिति परिवर्तन हुने विश्वास व्यक्त गर्नु भयो। उहाँले निर्वाचन आयोगले कडा अडान लिइरहेको र भ्रष्ट भएको आरोप लागेका अधिकारीहरूको सरुवा गरिएको उल्लेख गर्नु भयो जसले गर्दा निष्पक्ष र शान्तिपूर्ण चुनाव हुने आशा बढेको बताउनु भएको छ।

## चुनाव अघि विभिन्न एजेन्सीको कारबाही

पश्चिम बंगाल विधानसभा चुनाव अघि विभिन्न एजेन्सीहरूले महत्वपूर्ण कारबाही गरेका छन्, जसमा हालसम्म जम्मा 181.31 करोड़ रुपियाँ नगद, मदिरा, लागूऔषध र बहुमूल्य धातुहरू जफत गरिएको छ। यसैबीच नगद जफ्तको मात्र संख्या 282.33 लाख रुपियाँ पुगेको छ। भारतको निर्वाचन आयोगले चुनाव स्वतन्त्र र निष्पक्ष होस् भनी सुनिश्चित गर्न राज्यभर कडा निगरानी भइरहेको बताएको छ। आयोगले सामान्य पर्यवेक्षक, पुलिस पर्यवेक्षक, जिल्ला निर्वाचन अधिकारी र निर्वाचन अधिकारीदेखि पुलिस महानिदेशक र स्टेशन हाउस अधिकारीहरूसम्म सबैलाई उच्च स्तरको सतर्कता कायम राख्न निर्देशन जारी गरेको छ।

**दार्जीलिङ हिमालयन रेलवे**

मनसून आउन अब केही महिना बाँकी भए पनि दार्जीलिङ हिमालयन रेलवे डीएचआरले अहिलेबाटै टोय ट्रेनको रूटमा पैह्रोको सामना गर्ने तयारी शुरू गरेको छ। रेलवेद्वारा 'प्री-मनसून स्पेशल ड्राइभ' संचालन गरिँदैछ। यस अभियान अन्तर्गत सुकनादेखि लिएर दार्जीलिङसम्म फैलिएको पहाड़ी रेल मार्गमा निगरानी बढ़ाइएको छ। लगभग 87 किलोमीटर लामो ट्र्याकको निगरानीको लागि 60 जना कर्मचारीहरूलाई तैनाथ गरिएको छ जसले भिन्न-भिन्न स्टेशनहरूमा बाँड़िएर काम गरिरहेका छन्। रेलवे सूत्र अनुसार पछिल्लो वर्षमा बारम्बार आएको पैह्रोलाई ध्यानमा राख्दै यो कदम उठाइएको हो। प्रत्येक कर्मचारीले दिनहुँ ट्र्याकमा पैदल निरीक्षण गर्नेछन्। यस अवधि कुनै पनि ठाउँमा चर्किएको, कमजोर भाग वा पैह्रो जानसक्ने आशंका भए तुरून्तै रिपोर्ट गर्नेछन्। सामान्य संकेत पाउँदा पनि तुरून्तै अधिकारीहरूलाई जानकारी दिइनेछ जसपश्चात इञ्जीनियर विभागले घटनास्थलमा पुगेर आवश्यक मरम्मत, ट्र्याकको हेरचाह तथा ड्रेनेज सिस्टम सुधारको काम गर्नेछन्। डीएचआरका डाइरेक्टर ऋषभ चौधरीले बताउनु भयो, प्री-मानसून ड्राइभ शुरू गरिएको छ। स-सानो पैह्रोको सामना गर्नको लागि पहिलाबाटै तयारी गरिँदैछ।

**सिलगढीमा केन्द्रीय बलद्वारा रुट मार्च**

आगामी विधानसभा चुनावको पूर्व सुरक्षा व्यवस्थालाई सुदृढ पार्ने उद्देश्यले आज सिलगढीमा केन्द्रीय बलद्वारा रुट मार्च गरिएको थियो। कार्यक्रममा सिलगढीका पुलिस आयुक्त सैयद वकार राजा र दार्जिलिङ जिल्ला मजिस्ट्रेट (डीएम) हरिशंकर पनिकर उपस्थित थिए। उनीहरूसँगै वरिष्ठ पुलिस अधिकारीहरूका साथै विभिन्न पुलिस स्टेशनका इन्चार्ज इन्स्पेक्टर (आईसी) र अफिसर इन चार्ज (ओसी) सहित केन्द्रीय बलहरूको ठूलो टोली पनि उपस्थित थियो। आम जनतामा सुरक्षा र विश्वासको वातावरण बनाउन रुट मार्च शहरका धेरै प्रमुख क्षेत्रहरू हुँदै गएको थियो।

**शेर्पा बौद्धिस्ट**

शेर्पा बौद्धिस्ट एसोसिएसन अफ इण्डियाद्वारा शताब्दी पुरुष सम्थाङ पाङकर्मा शेर्पालाई सम्मान जनाइएको छ। दक्षिण सिक्किमको टोकाल बर्मेकमा पुगेर शेर्पा बौद्ध संघ, भारतको एक टोलीले हिजो शेर्पा समुदायका अभिभावक सम्थाङ पाङकर्मा शेर्पाको १०० औँ जन्मदिनको अवसरमा उहाँलाई सम्मान तथा शुभकामना व्यक्त गरेको छ। उक्त कार्यक्रममा बर्मेक नारबुगाङ गुम्बाका दोर्जे लोप्पेन भेनेरेबल छेरिङ वाङचुक शेर्पा, केवजिङ मामरिङ गुम्बा तथा डालिङ गुम्बाका छम्पो, नाम्चीका एसडीएम वाङ्ग्याल शेर्पा, संयुक्त निर्देशक पेम्बा नोर्बु शेर्पा, डेन्जोङ शेर्पा एसोसिएसनका पूर्व अध्यक्ष मिङ्गा दावा शेर्पा साथै सर्वसाधारण जनता तथा बर्मेक पालक शेर्पा किदुक, केवजिङ–बाखिम शेर्पा किदुक, पेर्बिङ शेर्पा किदुक र गाङचुङ शेर्पा किदुक का प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

****** ० ******